**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १३ अक्तूबर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले छ राज्यपालहरुको नियुक्ति गर्नुभएको छ। दुष्यंत गौतम सिक्किमको राज्यपाल हुनुहुनेछ।

- यूपीआईमा ग्राहक अनि व्यापारी बीच दुई हजार भन्दा बढीको लेने-देनमा यूपीआई मर्चेंट डिस्काउंट दीपावाली पछि लागू हुनेछ।

- भारतमा इंटरनेट ग्राहकहरुको संख्या एक सय 11 करोड़ पार गरेको छ।

- मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारको राजिनामाको मांगलाई लिएर दिल्लीमा विपक्षी दलहरुको विरोध प्रदर्शन बीच पश्चिम बंगालको राजनीति पनि तात्तिएको छ ।

- खरसाङमा हुन गईरहेको फूलपाती शोभायात्रा एवं सम्मान कार्यक्रमलाई लिएर आयोजक समितिको सभा खरसाङको गोर्खा जन पुस्तकालय भवनमा सम्पन्न भएको छ।

**राष्ट्रपति - राज्यपालहरुको नियुक्ति**

राष्ट्रपति द्रौपदी मुर्मुले छ राज्यमा राज्यपालहरुको नियुक्ति गर्नुभएको छ । सिक्किमका राज्यपाल ओम प्रकाश माथुर अब केरलम्का नयाँ राज्यपाल हुनुहुनेछ । केरलम्का राज्यपाल राजेंद्र विश्वनाथ अर्लेकरलाई अब तमिलनाडुको राज्यपाल नियुक्त गरिएको छ । ब्रज मोहन रामलाई ओडीसाको राज्यपाल नियुक्त गरिएको छ जबकि डॉ. सुधा यादव कर्नाटकका राज्यपाल हुनुहुनेछ । डॉ. ढाल सिंह बिसेनलाई उत्तराखंडको राज्यपाल बनाईएको छ जबकि दुष्यंत गौतम सिक्किमका राज्यपाल हुनुहुनेछ । सबै नियुक्तिहरु कार्यभार संभालने तिथि देखि प्रभावी हुनेछ ।

**यूपीआई**

UNIFIED PAYMENTS INTERFASE यूपीआईमा ग्राहक र व्यापारी बीच दुई हजार रुपियाँ भन्दा बढीको लेने-देनमा यूपीआई मर्चेंट डिस्काउंट रेट दिपावाली पछि लागू गरिनेछ।नेशनल पेमेंट्स कॉर्पोरेशन ऑफ इंडियाले सोशल मीडिया पोस्टमा भनेको छ UPI र सेवा संचालन समितिले आज चाडपर्वको मौसमलाई ध्यानमा राख्दै यो निर्णय गरेको छ। रिपोर्टमा भनिएको छ यसको तारीख बारे छुट्टै जानकारी गराइनेछ।

**संशो. आईएमएफ - भारत**

अंतर्राष्ट्रीय मुद्रा कोष - **आईएमएफ ले** वित्त वर्ष 2026-27 को लागि भारतको सकल घरेलू उत्पाद वृद्धि दर, 6 दशमलव 4 प्रतिशत देखि बढ़ाएर 7 प्रतिशत गरेको छ । आईएमएफ को प्रमुख विश्व आर्थिक परिदृश्य रिपोर्टमा बताईए अनुसार यी अनुमानहरुमा यो सुधार, सुदृढ़ घरेलू मांग अनि बलियो सेवा गतिविधिहरुको कारण आर्थिक वृद्धिलाई प्राप्त भएको अपेक्षा भन्दा अधिक गतिको कारण गरिएको हो ।

**इन्टरनेट उपभोक्ता**

भारतमा इन्टरनेट उपभोक्ताहरुको संख्या यस वर्ष जुनको अन्त्य सम्म बढेर 111 करोड़ 41 लाख भन्दा अधिक भएको छ। मार्च 2026 को अन्त्य सम्ममा यो लगभग 109 करोड़ 28 लाख थियो। यस वृद्धि दरमा तिमाही आधारमा 96 प्रतिशतको वृद्धि दर्ता गरिएको छ। एक रिपोर्ट-

**बाईट -**

भारतीय दूरसञ्चार विनियामक प्राधिकरणले आफ्नो भारतीय दूरसञ्चार सेवा प्रदर्शन संकेतक रिपोर्टमा भनेको छ , कुल इन्टरनेट उपभोक्ताहरूमध्ये चार करोड़ सत्तर लाख भन्दा बढी वायर्ड इन्टरनेट उपभोक्ता र लगभग एक सय छ करोड़ चौंसठ लाख वायरलेस इन्टरनेट ग्राहकहरू छन्। इन्टरनेट उपभोक्ता आधारमा ब्रडब्यान्ड र न्यारोब्यान्ड दुवै ग्राहकहरू सामेल छन्।रिपोर्ट अनुसार, जुन 2026 को अन्तसम्ममा ब्रडब्यान्ड इन्टरनेट ग्राहकहरूको संख्यामा दुई दशमलव शून्य-तीन प्रतिशत भएकोको छ भने न्यारोब्यान्ड इन्टरनेट ग्राहकहरूको संख्यामा शून्य दशमलव आठ-नौ प्रतिशत प्रतिशतको कमी आएको छ। रिपोर्ट अनुसार, भारतको टेलिफोन ग्राहकहरुको संख्या मार्च 2026 को अन्तमा लगभग 133 करोड़ देखि बढ़ेर जून 2026 को अन्तमा 134 करोड़ पुगेको छ, जुन तिमाही आधारमा एक दशमलव तीन-एक प्रतिशतको वृद्धि हो।

**मुख्यमन्त्री सीएए**

बंगलादेशबाट आएका हिन्दू शरणार्थीहरूलाई नागरिकता दिईने र मतुआ समुदायलाई नागरिकता संशोधन कानून (सीएए) अन्तर्गत प्रमाणपत्र उपलब्ध गराउने दिशामा राज्य सरकारले महत्त्वपूर्ण कदम चालेको छ।आज उत्तर 24 परगना जिल्लाको मतुआ बहुल क्षेत्र बनगाउँमा दुर्गा पूजाको उद्घाटन अवसरमा मुख्यमन्त्री सुवेन्दु अधिकारीले भन्नुभयो शरणार्थीहरूलाई CAA प्रमाणपत्र प्राप्त गर्नमा कुनै पनि अवरोध हुन दिइने छैन।साथै, उहाँले विपक्षले गरेको प्रदर्शनहरूमाथि कडा प्रहार गर्दै मानिसहरुलाई राष्ट्रविरोधी तत्वहरूबाट सतर्क रहन आह्वान गर्नुभयो। मुख्यमन्त्रीले भन्नुभयो केन्द्रीय गृह मन्त्रालयबाट संकेत पाएपछि अब राज्यस्तरमा पनि CAA प्रमाणपत्र जारी गर्ने प्रक्रियालाई तीव्र पारिएको छ।उहाँले नागरिकता सूचीमा नाम दर्ता गर्ने र प्रमाणपत्र प्राप्त गर्ने सम्पूर्ण प्रक्रिया पारदर्शी र सहज हुने आश्वासन दिनुभएको छ।

**शुभेंदु – चेतावनी**

मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारको राजिनामाको मांगलाई लिएर दिल्लीमा विपक्षी दलहरुको विरोध प्रदर्शन बीच पश्चिम बंगालको राजनीति पनि निक्कै तात्तिएको छ । राजधानी दिल्लीमा प्रदर्शनमा सामेल भएपछि ममता बनर्जीको आह्वानमा आज कोलकातामा केंद्र सरकार बिरुद्ध निकालीएको मार्चलाई पुलिसले बीचमानै रोकिदियो । रैलीको लागि कुनै आधिकारिक अनुमति नलिएको प्रशासनले स्पष्ट बताएको छ । यस भन्दा पुर्व हिज राती मुख्यमंत्री शुभेंदु अधिकारीले कडा चेतावनी दिंदै भन्नुभएको थियो - "दुर्गा पूजाको अवधि कुनै पनि प्रकारको अराजकता फैलाउने अनुमति दिईने छैन ।

**प्रधानमंत्री जनसेवा 25 वर्ष**

प्रधानमंत्री नरेन्द्र मोदीले जनसेवामा 25 वर्ष पुरा गर्नुभएको छ । जनसेवादेखि देश सेवा उहाको यस यात्राको मूल मंत्र रहेको छ । सेवा अनि सुशासनको यस दृष्टिकोणसित सरकारले भारतलाई बर्ष 2047 सम्म विकसित राष्ट्र बनाउने लक्ष्य प्राप्त गर्न लगातार काम गरिरहेको छ । समावेशी विकास अनि सामाजिक सशक्तीकरणको मध्यम द्वारा मानिसहरुको जीवनमा परिवर्तन ल्याउने प्रयास गरिँदैछ ।आज यस विशेष श्रृंखलामा जानकारी दिईरहेका छौ कि भारतको पूर्वोत्तर क्षेत्रमा शांति, स्थिरता अनि विकास कसरी स्थापित गरिएको छ ?

BYTE

**अभिषेक सुनुवाइ**

कलकत्ता उच्च न्यायालयले पुलिस नोटिस विरुद्ध अभिषेक बनर्जी द्वारा दर्ता गरिएको मामिलाको तत्काल सुनुवाइको याचिका खारेज गरेको छ। न्यायाधीश सौगत भट्टाचार्यले आज आफ्नो टिप्पणीमा स्पष्ट पार्दै भन्नुभयो यस समयमा मामिलाको त्वरित सुनुवाइ सम्भव छैन।सुनुवाइको क्रममा अभिषेकले, जांच अधिकारीहरूले गरिरहेको सोधपुछ र पुलिस जाँचका विभिन्न

पक्षहरूसित सम्बन्धित गोपनीय जानकारी मिडियामा बारम्बार 'लीक' भइरहेको आरोप लगाएका थिए।

**शारदीय**

आज, शारदीय नवरात्रिको तेस्रो दिन हो।यस दिन साहस, शांति र दिव्य शक्तिको प्रतीक देवी चंद्रघंटाको पूजा अर्चना गरिन्दैछ।प्रधानमन्त्री नरेन्द्र मोदीले यस अवसरमा देशवासीहरुलाई शुभकामना दिनुभएको छ ।श्री मोदीले, देवी चंद्रघंटाले सबैका लागि सुख, समृद्धि र सफलताको आशीर्वाद प्रदान गरुन भनि कामना गर्नुभयो।

**खरसाङ - फूलपाती शोभायात्रा**

खरसाङमा हुन गईरहेको फूलपाती शोभायात्रा एवं सम्मान कार्यक्रमलाई लिएर आयोजक समितिको सभा खरसाङको गोर्खा जन पुस्तकालय भवनमा सम्पन्न भयो। सभा फूलपाती शोभायात्रा समारोह समितिका अध्यक्ष आइएन शर्माको अध्यक्षतामा सम्पन्न भयो। सभामा फूलपाती शोभायात्रा एवं सम्मान कार्यक्रमका अध्यक्षले फूलपातीको एक बेग्लै विशेषता रहेकोले हामीले यो परम्परा बचाउन जरुरी छ भन्दै सबै गोर्खे समुदायहरुलाई अधिक संख्यामा जातीय पोशाक लगाएर आई भावी पिढीलाई पनि यसबारे जानकारी दिने अनुरोध गर्नुभएको छ ।

**नेपाल प्राकृतिक आपदाको प्रभाव – सिलगडी**

नेपालमा प्राकृतिक आपदाको कारण जनजीवन अनि आर्थिक गतिविधिहरु प्रभावित बनेपछि यसको प्रभाव सिलगडीका मूर्तिकारहरु माथि पनि परेको छ । प्रतेक बर्ष पानीट्यांकी सीमाको मार्ग भएर नेपाल पठाईने दुर्गा प्रतिमाहरुको यस बर्ष एउतै पनि ऑर्डर प्राप्त नभएको समाचार छ । नेपालमा हालैमा गएको पहिरो , भारी वर्षा अनि बाढ़को कारण त्यहाको स्थिति प्रभावित भएपछि धैरै पूजा समितिहरुले यस पल्ट बृहत स्तरमा पुजा आयोजन गर्न सकेनन् । जसले गर्दा प्रतिमाहरुको ऑर्डर प्राप्त हुन सकेन ।नेपालको बाजारमा आएको यस कमीले पुरा क्षेत्रका माटोको मूर्ति उद्योग माथि प्रभाव परेको छ ।

**********